बैठक संख्याः ११ - ०७८/७९

मितिः २०७८/११/२८

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १: गाउँसभा तयारी सम्बन्धमा ।

प्रस्ताव नं. २: बेरुजु फस्यौंट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३: सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका स्विकृत सम्बन्धमा ।

प्रस्ताव नं. ४: नमूना जलवायू कार्यबिधि जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ५: स्थानिय तह सदस्य निर्वाचन जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ६: बुढी सत्यवती मेलामा भएको खर्च रकम उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ७: जुनिया खानेपानि आयोजनाको पाईप सापटी फिर्ता सम्बन्धमा ।

प्रस्ताव नं. ८: सत्यवती गाउँपालिका "मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यबिधि,२०७८" स्विकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९: सत्यवती गाउँपालिकाको "कार्यसंचालन एवम् खर्च मापदण्ड निर्देशिका,२०७८" स्विकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १०: सत्यवती गाउँपालिका "न्यायिक समिति कार्यबिधि सम्बन्धि ऐन, २०७४ संशोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११: बिबिध सम्बन्धमा ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**निर्णयहरुः**

निर्णय नं. १ः प्रस्ताव नं. १ माथि छलफल गर्दा यस पालिकाको दशौं गाउँसभा आवश्यक तयारी पुरा गरी मिति २०७८/११/२९ गते दिउसो १:०० बजे सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. २ः प्रस्ताव नं. २ माथि छलफल गर्दा म.ले.प. ले औल्याएका बेरुजुहरुमा छलफल गरी फस्यौंटको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ः प्रस्ताव नं. ३ माथि छलफल गर्दा सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका,२०७८ स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ः प्रस्ताव नं. ४ माथि छलफल गर्दा उपस्थित सम्पूर्णलाई नमूना जलवायू कार्यबिधि उपर छलफल गरी जानकारी गराईयो ।

निर्णय नं. ५ः प्रस्ताव नं. ५ माथि छलफल गर्दा उपस्थित सम्पूर्णलाई स्थानिय तह सदस्य निर्वाचन सम्बन्धि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निर्देशन उपर छलफल गरी जानकारी गराईयो ।

निर्णय नं. ६ः प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको महत्वपूर्ण तिर्थ स्थल बुढी सत्यवतीमा लिम्घेली युवा क्लबको आयोजनामा मेला सम्पन्न भएकोले खर्च अपुग रकम उपलब्ध गराउन वडा कार्यालयको सिफारिस सहित माग भई आएकोले ४ नं. वडा स्तरिय आयोजना कार्यक्रम अन्तर्गत युवा ससक्तिकरण शिर्षकको बजेट सिमा भित्र रहि प्राप्त बिल भरपाई प्रमाणितको आधारमा रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ः प्रस्ताव नं. ७ माथि छलफल गर्दा जुनिया खानेपानि आयोजनाको पाईप सापटिको रुपमा जोहाङ्ग खानेपानी उपभोक्ता समिति लाई दिईएकोमा सो बराबरको पाईप (३२ mm को २००० मिटर) बिपद् बाट खरिद गरि सापटि फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ः प्रस्ताव नं. ८ माथि छलफल गर्दा सत्यवती गाउँपालिका "मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यबिधि,२०७८" स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ः प्रस्ताव नं. ९ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको "कार्यसंचालन एवम् खर्च मापदण्ड निर्देशिका,२०७८" स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०ः प्रस्ताव नं. १० माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको न्यायिक समिति कार्यविधि सम्वन्धि ऐन,२०७५ को दफा ५९ उपदफा १ (क) मा मेलमिलापकर्ताको योग्यता माध्यमिक तह उत्रिणको सट्टा " दश कक्षा उत्रिण " र अनुसूचि ११ को मेलमिलाप कर्ताको योग्यता सम्बन्धमा स्नातक तहको सट्टा " कक्षा दश उत्रिण " राखि स्विकृतिको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

पारिश्वर ढकाल
अध्यक्ष

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा चेहेमी खानेपानि योजनाका उपभोक्ता समितिले पानि मिटरको लागि रु ३०००० माग गरेकोमा उक्त समितिले मर्मत सम्हार कोष खडा गरि मर्मत सम्हार समितिलेनै गर्ने सर्तमा रु ३०००० उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पारिश्वर ढकाल
अध्यक्ष